# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

**खण्ड ४६) काठमाडौं, असार १७ गते २०५३ साल (अतिरिक्ताङ्क १७**

## भाग १

### संसद सचिवालयको

### सूचना

**श्री ५ महाराजाधिराज**बाट संसदको दशौं अधिवेशनमा दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०५३ साल असार १७ गते सोमवारका दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### शाही सम्बोधन

*प्रतिनिधि सभाका सभामुख,*
*राष्ट्रिय सभाका अध्यक्ष*
*तथा सांसदहरू*

१. आज संसदको दशौं अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ । नेपाली जनताको स्वतन्त्रता, हक, हित र राष्ट्रिय स्वाभिमानलाई सर्वोपरि राखी गरिएको प्रजातान्त्रिक अभ्यासले नेपाल अधिराज्यको संविधान, २०४७ का लक्ष्य तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भावना अनुरुप बहुदलीय संसदीय प्रणालीलाई सुदृढ गर्ने प्रयासमा सघाउ पुऱ्याउने छ भन्ने हाम्रो धारणा छ। संसदीय प्रजातन्त्र र मानव अधिकार प्रतिको यही प्रतिवद्धताका साथ वर्तमान संयुक्त सरकारले देशको समग्र विकासका निम्ति आफ्ना नीति र कार्यक्रमलाई आधार बनाएर अगाडि बढ्नेछ भन्ने हामीले विश्वास लिएकाछौं।

२. मेरो सरकारले विकासको प्रयासलाई निरन्तरता दिई नेपाली जनताको सामाजिक र आर्थिक विकासमा तीव्रता ल्याउन राजनैतिक स्थिरता कायम गर्दै प्रतिस्पर्धा र प्रोत्साहनलाई मूल आधार बनाउन बढी जोड दिनेछ। आगामी आर्थिक वर्ष चालू आठौं योजनाको अन्तिम वर्ष भएकोले नवौं योजनाको तर्जुमा कार्य पूरा गर्न क्रियाशील रहनेछ।

३. मेरो सरकारले बेरोजगारीको समस्यालाई गंभीर रुपमा लिई यसका लागि वैदेशिक रोजगारीका अवसरलाई समेत दृष्टिगत गरी रोजगार प्रवर्द्धन सम्बन्धी एक विशेष कार्यक्रम राष्ट्रव्यापी रुपमा संचालन गर्ने छ। शिक्षित तथा अर्धशिक्षित बेरोजगारहरूका निम्ति रोजगारीका थप अवसरहरू सृजना गर्न व्यावसायिक खेती, उद्योग, पर्यटन, सञ्चार, वित्तीय एवं अन्य सेवाका क्षेत्रहरूको विस्तार एवं प्रवर्द्धन गरिनेछ। विभिन्न निकायहरूबाट संचालित सीपमूलक तालीम कार्यक्रमहरूलाई एकीकृत र समन्वयात्मक रुपमा संचालन गरिने छ।

४. मेरो सरकारले गरीबी निवारण कार्यक्रमलाई प्राथमिकता दिई संचालन गर्ने छ। समाजका साधनहीन र अति विपन्न वर्गलाई लक्षित गरी संचालित ग्रामीण विकास बैंकको कार्यक्रमलाई गरीबी निवारणको एक प्रमुख कार्यनीतिको रुपमा अगाडि बढाइने छ र यस कार्यक्रमलाई पहाडी क्षेत्रहरूमा समेत विस्तार गरिने छ।

५. मेरो सरकारले अवलम्बन गर्दै आएको उदार, खुला र बजारमुखी अर्थनीतिलाई निरन्तरता दिनेछ। वित्तीय असन्तुलन न्यून गर्न अतिरिक्त राजस्व परिचालनका साथै अनुत्पादक सरकारी खर्चलाई नियन्त्रण गर्न मितव्ययिताको नीति अपनाइनेछ। खर्च व्यवस्थापनमा सुधारका कार्यक्रमहरू संचालन गर्न जोड दिइने छ। राजस्व संकलनमा वृद्धि गर्न करको दायरालाई फराकिलो र कर प्रशासनलाई सरल, सक्षम तथा पारदर्शी बनाइने छ। मूल्य अभिवृद्धि कर लागू गर्ने तयारी पूरा गरी प्रारम्भिक कार्य शुरु गरिने छ। मेरो सरकारले बैंक तथा वित्तीय संस्थाहरूको सुदृढीकरणमा विशेष ध्यान दिने छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. संसदीय प्रजातन्त्रको मर्म र भावना अनुकूल स्थानीय निकायहरूलाई सबल, सक्षम र सुदृढ तुल्याउने मेरो सरकारको नीति रहने छ। विकेन्द्रीकरणको सिद्धान्त र स्वायत्त शासनको भावना अनुरुप स्थानीय तहका जनप्रतिनिधि संस्थाहरूलाई साधन र अधिकार सम्पन्न तुल्याएर नै विकासका वर्तमान चुनौति र समस्याहरूलाई सामना गर्न सकिन्छ भन्ने मेरो सरकारको धारणा रहेको छ। यसै वास्तविकतालाई मध्य नजर राखी हाम्रा प्रधानमन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय विकेन्द्रीकरण समन्वय समिति गठन भैसकेको छ। साथै, स्थानीय निकायहरूको समसामयिक सुधारको लागि सुझाव पेश गर्न एक कार्य समिति समेत गठन भएको छ। सबै क्षेत्रबाट प्राप्त हुने सुझावहरूलाई दृष्टिगत गरी आगामी स्थानीय निर्वाचन हुनु अघि स्थानीय निकाय सम्बन्धी कानूनमा आवश्यक सुधार गरिने छ। "गाउँ विकास तथा स्वावलम्बन कार्यक्रम" लाई अनुभवको आधारमा सुदृढ र परिमार्जन गर्दै लगिने छ।

७. मेरो सरकारले उद्योगको क्षेत्रलाई बढी प्रतिस्पर्धात्मक बनाउन र क्षमता वृद्धि गर्न प्रोत्साहित गर्ने छ। यस क्षेत्रमा स्वदेशी एवं वैदेशिक लगानी वृद्धि गर्न जोड दिइनेछ। यसका लागि भौतिक पूर्वाधारहरूको विकास एवं प्रवर्द्धनात्मक कार्यमा टेवा पुऱ्याउन मौजूदा कानूनी र संगठनात्मक व्यवस्थामा सुधार गरिने छ।

८. पर्यटक उद्गम हुने प्रमुख अन्तर्राष्ट्रिय बजारलाई लक्षित गरी विश्वमा नै प्रतिस्पर्धात्मक रुपमा विकसित भइरहेको पर्यटन उद्योगको विकास तथा प्रवर्द्धनमा विशेष जोड दिइनेछ। विदेशी पर्यटकहरूका लागि एक प्रमुख गन्तव्य स्थलको रुपमा नेपाललाई स्थापित गर्ने उद्देश्यले "सन् १९९८ नेपाल दर्शन वर्ष" मनाउन पर्यटन सुविधालाई स्तरीय बनाउनका साथै यसको बिस्तारका कार्यक्रमहरू संचालन गरिने छन्। हवाई सेवा विस्तारकोलागि थप मुलुकहरूसंग संझौता गर्ने र नीजि क्षेत्रका विमान सेवाहरूलाई पनि अन्तर्राष्ट्रिय क्षेत्रहरूमा उडान गर्न दिन मेरो सरकारले व्यवस्था गर्ने छ।

९. खुला वाणिज्य नीतिलाई निरन्तरता दिंदै वैदेशिक व्यापार असन्तुलन घटाउन मेरो सरकारले अल्पकालीन तथा दीर्घकालीन नीतिको तर्जुमा गर्नेछ। निकासी योग्य वस्तुको विकास, नयाँ निकासी योग्य वस्तुहरूको पहिचान एवं बजार प्रवर्द्धन र गुणस्तरमा सुधार जस्ता निर्यात प्रवर्द्धन कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिनेछ । बजारमुखी व्यापार प्रणाली तथा क्षेत्रीय व्यापार व्यवस्थालाई कार्यान्वयन गर्ने तर्फ आवश्यक कदमहरू चालिनेछन् ।

१०. मुलुकमा अत्यावश्यक वस्तुहरूको मांग र आपूर्ति बीच संतुलन कायम गर्ने तथा खाद्यान्न अभाव भएका क्षेत्रहरूमा खाद्यान्न आपूर्ति गर्ने मेरो सरकारको नीति कायमै रहने छ। यसका लागि उत्पादन वृद्धि गर्ने कार्यक्रमहरूमा जोड दिन र दैनिक उपभोगका अति आवश्यक वस्तुहरूको अभाव हुन नदिने व्यवस्था गरी मूल्य स्थिरतामा विशेष जोड दिइनेछ ।

११. मेरो सरकारले महेन्द्र राजमार्गको निर्माणाधीन कोहलपुर- महाकाली खण्डमा पुलहरूको निर्माण कार्यलाई अघि बढाउने छ। बनिसकेका राजमार्ग, सहायक राजमार्ग एवं शहरी सडकको मरम्मत संभार तथा पुन: निर्माण कार्य जारी नै राखिने छ। जिल्ला सदरमुकाम जोड्ने सडकहरूको निर्माणलाई प्राथमिकता दिइने छ। मुलुकमा व्यवस्थित रुपमा यातायात संचालन गर्न मेरो सरकारले एक बृहत् राष्ट्रिय यातायात नीतिको तर्जुमा गर्नेछ ।

१२. मेरो सरकारले विद्युतको आन्तरिक उपभोग तथा निर्यात समेतलाई दृष्टिगत गरी जलस्रोतको विकासमा सरकारी एवं गैर सरकारी क्षेत्रको संलग्नतामा आन्तरिक तथा बाह्य श्रोतको अधिकतम परिचालन गर्ने नीतिलाई सशक्त रुपमा अगाडि बढाउने छ । कालिगण्डकी आयोजनाको निर्माण कार्य यसै आर्थिक वर्षदेखि प्रारम्भ गरिने छ। वातावरणीय दृष्टिकोणबाट दिगो, अधिकतम प्रतिफल दिने, गरीबी निवारणलाई सघाउ पुऱ्याउने र छोटो अवधिमा सम्पन्न हुने सिंचाई आयोजनाहरूको कार्यान्वयनमा जोड दिइनेछ। निर्माणाधीन बृहत सिंचाई आयोजनाहरूलाई समयमै पूरा गरी संयुक्त व्यवस्थापनमा संचालन गर्ने व्यवस्था गरिने छ। मित्रराष्ट्र भारतसंग हस्ताक्षर भएको महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धी संसदको यसै अधिवेशनमा अनुमोदनको लागि प्रस्तुत गरिने छ ।

१३. मेरो सरकारले कृषि विकासको लागि सिंचाई प्रविधि, कृषि प्रसार, ऋण, उत्पादन सामग्री, ग्रामिण सडक तथा विद्युतीकरण जस्ता पक्षहरूलाई समेटी एकीकृत रुपमा कार्यक्रम कार्यान्वयन गर्ने नीति लिने छ। मेरो सरकारले सम्बद्ध निकाय बीचको समन्वय तथा प्रयासद्वारा खाद्य सुरक्षाको स्थितिलाई अझ सुधार गर्ने नीति लिने छ।



१२५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कृषि उत्पादन सामग्रीको आपूर्तिको व्यवस्थालाई सरलीकरण गर्न र कृषिजन्य वस्तुहरूको बेचविखन गर्न क्रमश: थप पुर्वाधारहरूको विकास एवं विस्तारमा मेरो सरकारले ध्यान दिने छ ।

१४. मेरो सरकारले खेती योग्य जमीनको अधिकतम सदुपयोग गर्न चकलाबन्दी गर्ने कार्यलाई प्रोत्साहित गर्ने छ । भूमि माथिको द्वैध नियन्त्रण अन्त्य गर्ने मेरो सरकारको घोषित नीतिको कार्यान्वयनका लागि यसै वर्ष संसदमा विधेयक पेश गरिनेछ। प्राकृतिक उर्वरा शक्ति र उपयोगिताको आधारमा भूमिको बर्गीकरण, सर्वेक्षण तथा नाप नक्सा गर्न भूमि प्रशासन सम्बन्धी कानूनको व्यवस्था गरिनेछ ।

१५. मेरो सरकारले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमलाई प्राथमिकता दिई लागू गर्ने छ । सामुदायिक वन व्यवस्थापनमा उपभोक्ता समूहलाई बढी संलग्न गराउँदै लगिनेछ । व्यावसायिक वन व्यवस्थापनमा निजी क्षेत्रको संलग्नता बढाउँदै लगिनेछ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष वरिपरिका क्षेत्रमा जनसहभागिताको आधारमा जनताको आवश्यक दैनिक वन पैदावारको आपूर्ति गर्ने विभिन्न कार्यक्रमहरू संचालन गरिने छ। जैविक विविधता संरक्षण र विकासको लागि मूल्यवान् वनस्पतिको टिस्यूकल्चर विकास गर्ने नीति लिइने छ ।

१६. विकास कार्यक्रममा वातावरण संरक्षणका पक्षलाई क्रमश: एकीकृत गर्दै लगिनेछ । प्राकृतिक स्रोतको दिगो उपयोग र विकास गर्न आवश्यक नीति, कानून, योजना तथा वातावरणीय मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिने छ। काठमाडौंमा बढ्दै गएको वायु तथा जल प्रदूषण नियन्त्रण गर्न ठोस कार्यक्रमहरू संचालन गरिनेछ ।

१७. मेरो सरकारले ग्रामीण तथा शहरी क्षेत्रमा जनसहभागिता समेत परिचालन गरी खानेपानी तथा सरसफाई सुविधा विस्तार गर्ने नीति जारी राख्ने छ। काठमाडौं उपत्यकामा दीर्घकालीन रूपमा खानेपानी आपूर्ति गर्न सरकारी र गैह्र सरकारी निकायहरू एवं निजी क्षेत्रको संयुक्त सहभागितामा मेलम्ची खानेपानी आयोजना संचालन गर्ने कार्य अगाडि बढाइनेछ। पशुपति क्षेत्रको सरसफाई र बागमती नदीलाई प्रदूषण मुक्त राख्न शुरु भैसकेको कार्यक्रमको कार्यान्वयनमा तीव्रता ल्याइनेछ । बागमती लगायत उपत्यकाका नदी किनाराको अतिक्रमण गर्ने प्रवृत्तिलाई नियन्त्रण


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिनेछ । निजी क्षेत्रलाई आवास विकासमा आकर्षित गराउन आवश्यक कानूनी प्रावधानको व्यवस्था गरिनेछ ।

१८. मेरो सरकारले साक्षरता कार्यक्रमलाई अझ बढी व्यापक बनाई उपेक्षित तथा महिला वर्गलाई लक्षित गरी कार्यान्वयन गर्ने छ । छात्राहरूको संख्यामा अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनहरूको साथै प्राथमिक विद्यालयहरूमा न्यूनतम एक महिला शिक्षिकाको व्यवस्था गर्ने कार्य जारी राखिने छ । अनिवार्य प्राथमिक शिक्षा कार्यक्रम परिक्षणको रुपमा केही गाउँ विकास समिति तथा नगरपालिकाबाट प्रारम्भ गरिनेछ ।

१९. मेरो सरकारले महिलाहरूलाई विकासको मूल प्रवाहमा समाहित गराई राष्ट्र निर्माण कार्यमा सक्रिय सहभागी बनाउने छ । साथै, बालबालिकाको विकास तथा हक हितको सम्वर्द्धन तथा संरक्षण गर्न उपयोगी कार्यक्रम संचालन गर्नेछ । असक्त, असहाय, अपांग तथा बृद्धहरूको लागि सामाजिक सुरक्षाको कार्यक्रम कायमै राखिनेछ । उपेक्षित समूदाय तथा पिछडिएको जनजातिको जीवनस्तर उठाउन विशेष कार्यक्रमहरू संचालन गरिने छ ।

२०. मेरो सरकारले नेपालका विभिन्न जनजातिका संस्कृतिको संरक्षण र सम्बर्द्धन सम्बन्धी कार्यहरू संचालन गर्ने छ । यसैगरी राष्ट्रिय महत्वका ऐतिहासिक स्थल र स्मारकहरूको संरक्षण र सम्वर्द्धन गर्ने कार्यहरू जारी राखिने छ ।

२१. मेरो सरकारले देशको दिगो आर्थिक विकासलाई टेवा पुऱ्याउन विज्ञान तथा प्रविधिको क्षेत्रमा विभिन्न कार्यक्रम तर्जुमा गरी संचालन गर्ने छ । यस क्रममा देश सुहाउँदो प्रविधिहरूको विकास र प्रयोगमा जोड दिइनेछ ।

२२. नेपाली जनतालाई आधुनिक एवं परम्परागत पद्धतिबाट प्राथमिक स्वास्थ्य सेवा सुलभ गराउने क्रममा मेरो सरकारले प्रत्येक गाउँ विकास समितिमा एउटा स्वास्थ्य संस्था स्थापना गर्ने कार्य अघि बढाई यसको प्रभावकारितामा समेत वृद्धि गराउने छ । स्वास्थ्य सेवालाई सुदृढ गरी दुर्गम क्षेत्रमा चिकित्सकहरूको सेवा उपलब्ध गराउने अभिप्रायले संसदको यसै अधिवेशनमा विधेयक ल्याइनेछ । देशबाट पोलियो उन्मूलनको लागि ५ वर्ष मुनिका करीव ३३ लाख बालबालिकाहरूलाई एकै दिन खोप दिने कार्यको पहिलो पटक थालनी गरिनेछ । साथै, प्रजातन्त्रका लागि महत्वपूर्ण योगदान



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुऱ्याउने व्यक्तिहरूलाई उपत्यका भित्रका अस्पतालहरूमा उपचारका लागि निःशुल्क शैया उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

२३. मेरो सरकारले प्रजातन्त्रको विकासमा पत्रकारिताको महत्वपूर्ण भूमिकालाई दृष्टिगत गरी स्वतन्त्र, मर्यादित एवं निष्पक्ष पत्रकारिताको संस्थागत विकास र व्यावसायिक पत्रकारितालाई प्रोत्साहित गर्ने नीतिको कार्यान्वयनमा जोड दिनेछ । हुलाक सेवालाई प्रत्येक गाउँ विकास समितिसम्म पुऱ्याउने कार्य जारी राखिने छ। नेपाल टेलिभिजनको प्रसारणलाई सुदूर पश्चिमाञ्चलसम्म विस्तार गरिनेछ। दूर संचार क्षेत्रको विकासमा निजी क्षेत्रलाई संलग्न गराइनेछ ।

२४. मेरो सरकारले निजामती प्रशासनलाई गतिशील र उत्तरदायी बनाउन प्रभावकारी कदमहरू चाल्नेछ । निर्णय प्रक्रियालाई पारदर्शी बनाइने छ । भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक कदमहरू दृढताका साथ चालिनेछ ।

२५. मेरो सरकारले नेपाली नागरिकहरूलाई सरल र छिटो तरिकाबाट नागरिकताको प्रमाण-पत्र उपलब्ध गराउन नागरिकता आयोग सुझाव कार्यान्वयन समितिले दिएका सिफारिशहरू समेतलाई दृष्टिगत गरी कार्यान्वयनमा जोड दिनेछ। लागू औषध दुरूपयोग, भ्रष्टाचार तथा अन्य सामाजिक अपराध नियन्त्रण गर्न सम्बन्धित निकायहरूलाई अझै सक्षम र प्रभावकारी बनाउन ठोस प्रयास गरिनेछ। निर्वाचनका लागि मतदाताहरूलाई परिचय पत्र उपलब्ध गराइने कार्यको थालनी गरिनेछ। निर्वाचन प्रक्रियालाई निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित गराउन मेरो सरकार प्रतिबद्ध रहने छ। देशमा शान्ति सुरक्षा व्यवस्था कायम गर्न नेपाल प्रहरी सेवालाई सुदृढ गर्दै लगिने छ । हिंसा र आतंकबाट जनधनको सुरक्षा गर्न मेरो सरकार दृढ र कटिबद्ध रहनेछ ।

२६. मेरो सरकारले शाही नेपाली सेनालाई समयानुकूल सक्षम र सुदृढ गर्ने कार्यहरू जारी नै राख्नेछ । शाही नेपाली सेनालाई देशको विकास निर्माण, प्राकृतिक प्रकोप उद्धार, वातावरण संरक्षण जस्ता कार्यहरूमा संलग्न गराउने नीति कायमै राखिनेछ ।

२७. मेरो सरकारले राष्ट्रिय हित, सार्वभौमिक समानता,पारस्परिक विश्वास, सद्भावना तथा सहयोगमा आधारित परराष्ट्र नीतिको अनुशरण गरिनै रहने छ। हाम्रा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रधानमन्त्रीबाट भएको भारत र चीन भ्रमणले यी दुवै छिमेकी मुलुकहरूसंग रहेको परम्परागत घनिष्ट एवं मैत्रीपूर्ण सम्बन्धलाई अझ सुदृढ तुल्याएकोछ । गत वर्ष न्यूयोर्कमा आयोजित संयुक्त राष्ट्र संघको पचासौं वार्षिकोत्सव समारोहमा हाम्रा प्रधानमन्त्रीको सहभागिता भएबाट संयुक्त राष्ट्र संघ प्रतिको नेपालको निरन्तर प्रतिवद्धतालाई संपुष्टि गरेको छ। भूटानी शरणार्थीहरूलाई संसम्मान स्वदेश फर्काउने सम्बन्धमा मेरो सरकारले भूटानसंगको वार्तालाई कायम राख्दै यस समस्याको समाधानका लागि सम्भावित सबै उपायहरूको खोजी गर्ने छ। दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको प्रारूप भित्र रही क्षेत्रीय स्तरका सहयोगका विभिन्न कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी भै नेपालले आफ्नो भूमिका निर्वाह गर्ने छ ।

२८. नेपाली जनताको सर्वोत्तम हित र कल्याण एवं आर्थिक तथा सामाजिक समुन्नति नै हाम्रा सम्पूर्ण प्रयासको मूल लक्ष्य हुनुपर्छ । यस लक्ष प्राप्तिका लागि राजनैतिक स्थायित्व अपरिहार्य छ । मेरो सरकार मुलुकका सबै राजनैतिक दलहरू बीच पारस्परिक संवाद र समझदारी कायम गर्न प्रयत्नशील रहनेछ। संसदीय प्रजातन्त्रको संस्थागत विकास एवं जनताको जीवनयापनको प्रक्रियालाई सजिलो र उन्नत बनाउने अभियानलाई प्रभावकारी ढङ्गले अघि बढाउन पनि मेरो सरकार सदैव क्रियाशील रहने छ। यस कार्यमा सबै तह र क्षेत्रका प्रतिनिधिहरू तथा समस्त देशवासीहरूको सहयोग प्राप्त हुने विश्वास हामीले राखेका छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,

**जीवनलाल सत्याल**

**संसदको महासचिव**

१३०



**मुद्रण बिभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।**

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।